नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१
पो.ब.नं.४०७

**मिति:- २०८०/१२/१८ गते।**

**<u>प्रेस विज्ञप्ती-</u> ३५**

**ने.सं. ११४४, चिल्लागा, ६ आइतबार।**

### “मानव बेच बिखन तथा ओसारपसार मुद्दामा फरार प्रतिवादीहरु पक्राउ”

मिति २०६४/१०/०५ गते बच्चु बि.क. सुनार समेतका ब्यक्तिहरूले तीन जना युवतीहरूलाई आकर्षक वैदेशिक रोजगारको प्रलोभन देखाई लेवनान पठाईदिन्छु भनी सिन्धुपाल्चोकबाट काठमाडौं र बिरगंज हुँदै भारतको शहिदनगर भन्ने स्थानमा पुऱ्याई एक-एक लाखमा बिक्रि गरी जबरजस्ती वेश्यावृत्तीमा संलग्न गराएको भन्ने मानव वेचविखन तथा ओसारपसारका तीन थान मुद्दाहरूमा सम्मानित सिन्धुपाल्चोक जिल्ला अदालतको एउटै मिति २०७८/११/०१ गतेको फैसलाले प्रतिवादी दावा तामाङ् भन्ने दावा लामा र प्रतिवादी बच्चु बि.क. सुनारलाई सजाय हुने ठहर भएकोमा सजाय वेरुजू भई भागी फरार भई काठमाडौंमा लुकीछिपी बसेका निजहरू दुवैजनालई पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतमा उपस्थित गराईएको ब्यहोरा सूचित गरिन्छ।

**<u>पक्राउ प्रतिवादीहरुको विवरण</u> :-**



१) **नामः-** बच्चु बि.क. सुनार।
**उमेरः-** ३८ बर्ष।.
**वतनः-** जिल्ला सिन्धुपाल्चोक इन्द्रावती गा. पा. वडा नं ४ ।
**सजायः-** **३० (तीस) बर्ष कैद** र रु३,००,०००/- (तीन लाख) जरिवाना।
**पक्राउ स्थानः-** जिल्ला काठमाडौं बुढानिलकण्ठ न.पा. वडा नं. १२, कपन।
**पक्राउ मितिः-** २०८०/१२/०५ गते।



२) **नामः-** दावा तामाङ भन्ने दावा लामा।
**उमेरः-** ४७ बर्ष।
**वतनः-** जिल्ला सिन्धुपाल्चोक इन्द्रावती गा. पा. वडा नं ४ ।
**मुद्दाः -** मानव वेचविखन तथा ओसार पसार -३/३ थान मुद्दा।
**सजायः-** **६० वर्ष कैद** र रु ६,००,०००/- (छ लाख) जरिवाना।
**पक्राउ स्थानः-** जिल्ला ललितपुर, महालक्ष्मी न.पा. वडा नं. ५, टिकाथली।
**पक्राउ मितिः-** २०८०/१२/१६ गते।

**प्रहरी उपरीक्षक**
**(होविन्द्र बोगटी)**
**सम्पर्कः- ९८५१२८१३२८**
**मिति २०८०/१२/१८ गते।**